# बागमती नगरपालिकाको

# स्थानीय राजपत्र

## बागमती नगरपालिकाद्धारा प्रकाशित

खण्डः १० संख्याः २ मितिः ०१ श्रावण २०८३ साल


भाग-१

## बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कर्मैया, सर्लाही
## मधेश प्रदेश नेपाल

बागमती नगरपालिकाको नगरसभाले निम्न लेखिए बमोजिमको बागमती नगरपालिका आर्थिक ऐन, २०८३ सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

संवत् २०८३ सालको ऐन नं. २

# वागमती नगरपालिकाको आर्थिक ऐन, २०८३

**नगर सभाबाट भएको मिति :२०८३/०३/१६**

**प्रस्तावनाः**

बागमती नगरपालिकाको **आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न, नगरपालिकाको आन्तरिक आय अभिवृद्धि गर्न, स्थानीय कर, सेवा शुल्क, दस्तुर, जरिवाना तथा राजस्व संकलन गर्ने कानुनी व्यवस्था गर्न आवश्यक भएकाले,नेपालको संविधान को धारा २२८, स्थानीय सरकार सञ्चालन ऐन को दफा १०२ तथा अन्य प्रचलित कानून बमोजिम यो आर्थिक ऐन तर्जुमा गरिएको छ।**

**१) सक्षिप्त नाम र प्रारम्भ :**

**१**) यस **ऐन,** नाम **"वागमती नगरपालिकाको आर्थिक ऐन, २०८३"** रहेको छ।

२) यो **ऐन,** २०८३ साल श्रावण १ गते देखि वागमती नगरपालिका क्षेत्रमा लागु हुने छ।

३) "नगरपालिका" भन्नाले वागमती नगरपालिका बुझिने छ।

४) "नगरसभा" भन्नाले वागमती नगरपालिकाको नगरसभा भन्ने बुझिन्छ।

५) "नगरकार्यपालिका" भन्नाले वागमती नगरपालिकाको नगरकार्यपालिका भन्ने बुझिन्छ।

६) " राजश्व परामर्श समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६५ बमोजिम गठन भएको वागमती नगरपालिकाको राजश्व परामर्श समिति भन्ने बुझिन्छ।

७) "नदी जन्य पदार्थ (दहत्तर ,बहत्तर)" भन्नाले यस ऐनको अनुसुची १० मा उल्लेख गरिएको ढुंगा,गिटी,वालुवा,ग्रेभेल, रोडा वा माटोलाई बुझिन्छ।

८) "नगरप्रमुख" भन्नाले वागमती नगरपालिकाको नगर प्रमुख भन्ने बुझिन्छ।

९) "उपप्रमुख" भन्नाले वागमती नगरपालिकाको उपप्रमुख भन्ने बुझिन्छ।

(१०) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वागमती नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको काम गर्न तोकिएको कर्मचारी बुझिन्छ।

**२) सम्पति कर** : नगरपालिका क्षेत्र भित्र अनुसुची (१) बमोजिम एकिकृत सम्पति कर लगाइने र असुलउपर गरिने छ।

**३) मालपोत वा भुमी कर** : एकिकृत सम्पती लगाई बांकी बसेको क्षेत्रफलको जग्गामा मात्र अनुसुची (२) बमोजिम मालपोत वा भुमिकर लगाइने वा असुलउपर गरिने छ।

**४) घर जग्गा वहाल कर वा वहाल कर** : नगरपालिकाक्षेत्र भित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर , पसल ,ग्यारेज, गोदाम, टहरा, जग्गा, पोखरी पुरै वा आशिंक तवरले भाडामा दिएकोमा अनुसुची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने छ। साथै कुनै यात्रुवाहक सवारी साधन वा मालवाहक साधन भाडा दिएमा त्यस्तो भाडाको १० प्रतिशतले भाडामा दिने व्यक्ति वा संस्थासंग वहाल कर लगाइने र असुलउपर गरिने छ।

**५) ब्यवसाय कर** : नगरपालिका क्षेत्र भित्र ब्यापार, ब्यवसाय वा सेवामा पुंजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसुचि ( ४) बमोजिम ब्यवसायकर लगाइने र असुलउपर गरिने छ।

**६)सावरी साधन कर** : अनुसुची (५) मा उल्लेख भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ।

**७) बाहल विटौरी शुल्क** : नगरपालिका क्षेत्र भित्र सरकारी वा सार्वजनिक वा वजार क्षेत्रमा सञ्चालित पसल वा वासोवास गरेको क्षेत्रमा अनुसुची ( ६) मा उल्लेख भए बमोजिम बहाल विटौरी कर लगाइने र असुलउपर गरिने छ।

**८) पार्किंग शुल्क** : नगरपालिका क्षेत्रभित्र कुनै सावरी साधनलाई पार्किंग सुविधा उपलब्ध गराए वापत अनुसुची (७) वमोजिम पार्किंग शुल्क लगाइने र असुल उपर गरिने छ।

**९) सेवा शुल्क** : अनुसुची ८ मा ब्यवस्था भए बमोजिम सेवा शुल्क लगाइने र असुलउपर गरिने छ। सेवा शुल्क उठाउंदा नगरपालिका आफैले वा ठेक्का बन्दोवस्तको माध्यमबाट उठाउन सकिने छ। ठेक्का बन्दोवस्तको माध्यमबाट सेवा शुल्क उठाउंदा कानून बमोजिमको विधि अपनाउनु पर्ने छ।

**१०) दस्तुर** : अनुसुची (९)मा उल्लेख भए बमोजिम दस्तुर लगाइने वा असुलउपर गरिने छ।

**११) दहत्तर बहत्तर शुल्क**

(१)अनुसुची (१०)मा उल्लेखित दरमा नगरपालिकाले नगरक्षेत्र भित्रको सार्वजनिक वा सरकारी वा नदी क्षेत्रको नदीजन्य पदार्थ ( ढुंगा, गिटी, वालुवा, माटो) को दहत्तर बहत्तर शुल्क लगाउन सक्ने छ। त्यस्तो दहत्तर बहत्तर शुल्क उठाउंदा तोकिएको परिमाणको शुल्क लिई नगरपालिका आफैंले वा तोकिएको परिमाण बमोजिमको राष्ट्यि वा स्थानीय स्तरको पत्रिकामा कम्तीमा १०( दश) दिनको सुचना प्रकाशन गरि ठेक्का बन्दोवस्तको माध्यमबाट उठाउन सक्ने छ

। नदीजन्य पदार्थ ( ढुंगा, गिटी, वालुवा, माटो) दहत्तर वहत्तर शुल्क उठाउन नगरकार्यपालिका आफैले अमानतमा वा अन्य कुनै विधि तोक्न सक्ने छ। नगरपालिकाले सञ्चालन गरेको कुनै आयोजनाबाट निस्कने ढुंगा, गिटी, वालुवा, माटोको हकमा समेत सोही बमाजिम हुने छ वा त्यस्तो ढुंगा, गिटी, वालुवा, माटोको ब्यवस्थापनको लागि नगरकार्यपालिकाले आबश्यक निर्णय गर्न वा नगरसभाले विशेष ऐन बनाउन सक्नेछ। नगर क्षेत्र भित्रको सार्वजनिक वा सरकारी वा नदी क्षेत्रको वा नगरपालिकाद्धारा सञ्चालित कुनै आयोजनको ढुंगा, गिटी, वालुवा, माटोको रेखदेख, चोरी निकासी नियन्त्रण, नियमन र ब्यवस्थापन गर्न नगरकार्यपालिकाले दण्ड तथा पुरस्कार तोक्न सक्ने छ। नदीजन्य पदार्थ विकी वितरण गर्दा नगरपालिकाले अमानतमा कर्मचारी राखी पटके बीलको आधारमा यस ऐनमा तोकिएको दरमा संकलन गर्न लगाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै निर्माण ब्यवसायी वा कसर ब्यवसायीले नगरपालिकाबाट निर्माणाधिन आयोजनाबाट उत्खनन् हुने ढुंगा, गिटी, वालुवा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालित आयोजनामा उपयोग हुने गरि माग गरेमा माग आयोजना प्रमुख वा योजना शाखा प्रमुखले माग भएको परिमाण बराबर अनुसुची १० मा उल्लेखित दरमा सोझै वार्ताद्वारा सम्झौता गरि सेवा शुल्क असुल गर्न सक्ने छ।

(३) नदीजन्य पदार्थ ( ढुंगा, गिटी, वालुवा, माटो)को चोरी ,निकासी वा पैठारी भई पकाउ गरिएकोमा पकाउ भएको परिमाणको वरारको अनुसुची १० मा उल्लेखित सेवा शुल्कको तेब्बर हुने जरिवाना असुल उपर गरिने छ।

(४) उप दफा (३) बमोजिम पकाउ गरि पेश गर्नेलाई नगरपालिकाले जरिवाना रकमको दश प्रतिशत सम्म पुरस्कार दिन सक्नेछ। साथै चोरी निकासी भएको जानकारी दिने सुचकलाई नगरपालिकाले जरिवाना रकमको पांच प्रतिशत सम्म पुरस्कार दिने छ।

(५)आयोजनाको ढुंगा, गिटी, वालुवा, माटोको रेखदेख, चोरी निकासी नियन्त्रण, नियमन र ब्यवस्थापन गर्न नगरकार्यपालिकाले दण्ड तथा पुरस्कार तोक्न सक्ने छ।

(६) नगरपालिकाले ठेक्का बन्दोवस्तको माध्यमबाट शुल्क असुल गर्दा दुई लाख घन मीटर भन्दा माथिको परिमाणमा विकी गर्नु पर्ने भए जमानत लिई बहुवर्षे किस्ता बन्दि शुल्क असुली तालिका बनाई विकी गर्न सक्ने छ।

१२) **वागमती माछा पोखरी सम्बन्धी राजश्व संकलन :** पर्यटकीय स्थल वागमती माछा पोखरीमा अनुसुची ११,१२,१३, १४,१५,१६ बमोजिम राजश्व संकल गरिने छ।

१३) **जडीबुटी, कवाडी र जिवजन्तु कर:** जडीबुटी, कवाडी र जिवजन्तु कर अनुसुची १७ बमोजिम संकलन गरिने छ।

१४) **मनोरञ्जन कर:** नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जनात्मक गतिविधिमा अनुसुची १८ बमोजिम कर लाग्नेछ।

१५) **नियमावली , कार्यविधि, निर्देशिका, मापदण्ड वनाउन सकिने** : यस ऐनको अधिनमा रही नगरकार्यपालिका वा नगरसभाले आवश्यक नियमाली वा कार्यविधि वा निर्देशिका वा मापदण्ड वनाइ जारी गर्न सक्नेछ।

**१६) राजश्व संकलनको बैकल्पिक ब्यवस्था :** नगरप्रमुखले नगपालिकाको कुनै राजश्व संकलन गर्ने कार्यको लागि स्थानीय स्तरका क्लव, सामुदायिक संस्था, उपभोक्ता समिति तथा गैर नाफामुलक संस्थालाई कुनै शर्त तोकी राजश्व संकलन गर्न परिचालन गर्न सक्ने छ।

अनुसूची-१
सम्पत्ति कर

१) **सम्पत्ति कर :** घडेरीको रुपमा कायम गरिएको जग्गामा मात्र सम्पती कर लाग्ने छ। घडेरीको निर्धारणको आधार सडकले छोएको जग्गा, त्यसको लम्वाइ तथा चौडाइ बमोजिम हुने छ। घडेरी र संरचना मुल्य को योग कायम गरी तपसिल (क)बमोजिम सम्पती कर लाग्ने छ। जग्गाको मूल्यांकन , संरचनाको मुल्यांकन , संरचनाको ह्रास कटीको ब्यवस्था क्रमशः तपशिल (ख),(ग) र (घ) बमोजिम हुने छ। सम्पति कर लगाउदा घर र सो घरले चर्चेको जग्गामा सम्पति कर लाग्नेछ। यस दफाका लागि घरले चर्चेको भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र
अधिकतम सो क्षेत्रफल वरावरको थप जग्गा सम्झनु पर्नेछ।

**(क) सम्पति करको दर**

| करयोग्य एकीकृत सम्पत्तिको मूल्य | आ.ब.२०८३/०८४ को पारित दर |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु ५० (रु पचास ) |
| पाँच लाख १ देखि २५ लाख रुपैया सम्म | प्रति लाख रु. १५ (रु पन्ध्र ) |

| | |
|---|---|
| पच्चिस लाख १ देखि ५० लाख सम्म | प्रति लाख रु. २० (रु वीस ) |
| पचास लाख १ देखि एक करोड रुपैयाँसम्म | प्रति लाख रु. २५ (रु पचिस ) |
| एक करोड एक देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु. ३० (रु तीस ) |
| दुई करोड एक रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म | प्रति लाख रु. ४० (रु चालिस ) |
| तिन करोड एक रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु. ४५ (रु पैतालिस ) |
| पाँच करोड एक देखि दश करोड रुपैया सम्म भन्दा माथि | प्रति लाख रु. ५० (रु पचास) |
| दश करोड एक देखि बिस करोड रुपैया सम्म | प्रति लाख रु. ६० (रु साठी ) |
| बिस करोड एक देखि माथि जतिसुकै | प्रति लाख रु. ७० सत्तरी) |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ। घडेरीको क्षेत्रफल निर्धारण गर्दा लम्बाई तथा चौडाइको गुणनफल बमोजिम हुने ।

**(आ.व.२०८३/०८४ का लागि पारित)**

**(ख) जग्गाको मुल्यांकन :**

१) बागमती पुलदेखि पूर्व गोडारी खोलासम्म राजमार्गको दाँयाबायाँ छोएको १५० फिटसम्म आवासिय, व्यवसायीक क्षेत्र प्रति कट्ठा रु २६,२५०००।०० र सो पछाडी ५०० फिट दायाँबायाँ प्रति कट्ठा रु १०,५०,०००।००

२) महेन्द्र राजमार्गको गोडारी पुलदेखि पूर्व डुमाजोर पुलसम्म १५० फिटसम्म प्रति कट्ठा रु १०,,५०,०००।००र सो पछाडी ५०० फिट दायाँबायाँ प्रति कट्ठा रु १०,५०,०००।००

३) डुमाजोर पुलदेखि हरिवन खोला राई पुलसम्म राजमार्गको दाँयाबायाँ १५० फिटसम्म प्रति कट्ठा रु १२,००,०००।०० र सो पछाडी ५०० फिट दायाँबायाँ प्रति कट्ठा रु १०,५०,०००।००

४) पुतली चोक १५० फिट छोडी दक्षिण क्षेत्रिय सडक नहरसम्म पिच सडकको १५० फिट दायाँबायाँ प्रति कट्ठा रु १५,७५,०००।००

५) नहर पुलदेखि दक्षिण गोडारी पुलसम्म पिच सडकको दायाँबायाँ १५० फिटभित्र कट्ठा रु १०,५०,०००।००

६) गोडारी पुलदेखि दक्षिण रेड्वा टोलसम्मको क्षेत्रिय सडक दायाँबायाँ १०० फिटभित्र प्रति कट्ठा रु १०,५०,०००।००

**<u>वडा नं.१</u>**

क) पिच पक्कि सडकले जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ९,४५,०००।००
ख) ग्रावेल सडकसँग जोडिएको कृषि प्रयोजन बाहेकका जग्गा दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ६,३०,०००।००
ग) कच्चि सडकसँग जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ४,२०,०००।००
घ) बाटोले नछोएका आवासिय र व्यवसायिक जग्गाहरु प्रति कट्ठा रु १,५७,५००।००
ङ) पिच सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु २,१००००।००
च) कच्चि /ग्रेवेल सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु १,५७,५००।००
छ) बाटो नभएको विशुद्ध खेतीयोग्य जग्गाहरु प्रति कट्ठा रु १,०५,०००।००
ज) भिरपाखो सबै प्रकारका जग्गाहरु प्रति कट्ठा रु ५२,५००।००

**<u>वडा नं.२</u>**

क) पिच पक्कि सडकले जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ९,४५,०००।००
ख) ग्रावेल सडकसँग जोडिएको कृषि प्रयोजन बाहेकका जग्गा दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ६,३०,०००।००
ग) कच्चि सडकसँग जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ४,२०,०००।००
घ) बाटोले नछोएका आवासिय र व्यवसायिक जग्गाहरु प्रति कट्ठा रु १,५७,५००।००
ङ) पिच सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु २,१००००।००
च) कच्चि /ग्रेवेल सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु १,५७,५००।००
छ) बाटो नभएको विशुद्ध खेतीयोग्य जग्गाहरु प्रति कट्ठा रु १,०५,०००।००

**वडा नं.३**

क) पिच पक्कि सडकले जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु ९,४५,०००।००

ख) ग्रावेल सडकसँग जोडिएको कृषि प्रयोजन बाहेकका जग्गा दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु ६,३०,०००।००

ग) कच्चि सडकसँग जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु ४,२०,०००।००

घ) बाटोले नछोएका आवासिय र व्यवसायिक जग्गाहरु प्रति कठ्ठा रु १,५७,५००।००

ङ) पिच सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कठ्ठा रु २,१००००।००

च) कच्चि /ग्रेवेल सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कठ्ठा रु १,५७,५००।००

छ) बाटो नभएको विशुद्ध खेतीयोग्य जग्गाहरु प्रति कठ्ठा रु १,०५,०००।००

**वडा नं.४**

क) पिच पक्कि सडकले जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु ९,४५,०००।००

ख) ग्रावेल सडकसँग जोडिएको कृषि प्रयोजन बाहेकका जग्गा दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु ६,३०,०००।००

ग) कच्चि सडकसँग जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु ४,२०,०००।००

घ) बाटोले नछोएका आवासिय र व्यवसायिक जग्गाहरु प्रति कठ्ठा रु १,५७,५००।००

ङ) पिच सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कठ्ठा रु २,१००००।००

च) कच्चि /ग्रेवेल सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कठ्ठा रु १,५७,५००।००

छ) बाटो नभएको विशुद्ध खेतीयोग्य जग्गाहरु प्रति कठ्ठा रु १,०५,०००।००

**वडा नं.५**

क) पिच पक्कि सडकले जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु.१०,७६,२५०।००

ख) ग्रावेल सडकसँग जोडिएको कृषि प्रयोजन बाहेकका जग्गा दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु.५,५६,५००।००

ग) कच्चि सडकसँग जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु५,३०,२५०।००

घ) बाटोले नछोएका आवासिय जग्गाहरु प्रति कठ्ठा रु ३,६७,५००।००

ङ) पिच सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कठ्ठा रु ५,३०,०००।००

च) कच्चि /ग्रेवेल सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कठ्ठा रु५,३०,२५०।००

छ) बाटो नभएको विशुद्ध खेतीयोग्य जग्गाहरु प्रति कठ्ठा रु१,०५,०००।००

**वडा नं.६**

क) पिच पक्कि सडकले जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु.१०,७६,२५०।००

ख) ग्रावेल सडकसँग जोडिएको कृषि प्रयोजन बाहेकका जग्गा दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु.५,५६,५००।००

ग) कच्चि सडकसँग जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु.५,३०,२५०।००

घ) बाटोले नछोएका आवासिय जग्गाहरु प्रति कठ्ठा रु.३,६७,५००।००

ङ) पिच सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कठ्ठा रु ५,३०,०००।००

च) कच्चि /ग्रेवेल सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कठ्ठा रु.५,३०,२५०।००

छ) बाटो नभएको विशुद्ध खेतीयोग्य जग्गाहरु प्रति कठ्ठा रु.१,०५,०००।००

**वडा नं.७**

क) पिच पक्कि सडकले जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु. १०,७६,२५०।००

ख) ग्रावेल सडकसँग जोडिएको कृषि प्रयोजन बाहेकका जग्गा दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु.५,५६,५००।००

ग) कच्चि सडकसँग जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कठ्ठा रु.५,३०,२५०।००

घ) बाटोले नछोएका आवासिय र व्यवसायिक जग्गाहरु प्रति कठ्ठा रु.३,६७,५००।००

ङ) पिच सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कठ्ठा रु ५,३०,०००।००

च) कच्चि /ग्रेवेल सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कठ्ठा रु.५,३०,२५०।००

छ) बाटो नभएको विशुद्ध खेतीयोग्य जग्गाहरु प्रति कठ्ठा रु.१,०५,०००।००

**वडा नं.८**

क) पिच पक्कि सडकले जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु.१०,७६,२५०।००
ख) ग्राभेल सडकसँग जोडिएको कृषि प्रयोजन बाहेकका जग्गा दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु.५,५६,५००।००
ग) कच्चि सडकसँग जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु.५,३०,२५०।००
घ) बाटोले नछोएका आवासिय जग्गाहरु प्रति कट्ठा रु.३,६७,५००।००
ङ) पिच सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु ५,३०,०००।००
च) कच्चि/ग्रेभेल सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु.५,३०,२५०।००
छ) बाटो नभएको विशुद्ध खेतीयोग्य जग्गाहरु प्रति कट्ठा रु.१,०५,०००।००

**वडा नं.९**

क) पिच पक्कि सडकले जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु.१०,७६,२५०।००
ख) ग्राभेल सडकसँग जोडिएको कृषि प्रयोजन बाहेकका जग्गा दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ५,५६,५००।००
ग) कच्चि सडकसँग जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ५,३०,२५०।००
घ) बाटोले नछोएका आवासिय जग्गाहरु प्रति कट्ठा रु ३,६७,५००।००
ङ) पिच सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु ५,३०,०००।००
च) कच्चि/ग्रेभेल सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु ५,३०,२५०।००
छ) बाटो नभएको विशुद्ध खेतीयोग्य जग्गाहरु प्रति कट्ठा रु १,०५,०००।००

**वडा नं.१०**

क) पिच पक्कि सडकले जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु.१०,७६,२५०।००
ख) ग्राभेल सडकसँग जोडिएको कृषि प्रयोजन बाहेकका जग्गा दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु.५,५६,५००।००
ग) कच्चि सडकसँग जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ५,३०,२५०।००
घ) बाटोले नछोएका आवासिय जग्गाहरु प्रति कट्ठा रु ३,६७,५००।००
ङ) पिच सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु ५,३०,०००।००
च) कच्चि/ग्रेभेल सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु ५,३०,२५०।००
छ) बाटो नभएको विशुद्ध खेतीयोग्य जग्गाहरु प्रति कट्ठा रु १,०५,०००।००

**वडा नं.११**

क) पिच पक्कि सडकले जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ९,४५,०००।००
ख) ग्राभेल सडकसँग जोडिएको कृषि प्रयोजन बाहेकका जग्गा दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ६,३०,०००।००
ग) कच्चि सडकसँग जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ४,२०,०००।००
घ) बाटोले नछोएका आवासिय र व्यवसायिक जग्गाहरु प्रति कट्ठा रु १,५७,५००।००
ङ) पिच सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु २,१००००।००
च) कच्चि/ग्रेभेल सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु १,५७,५००।००
छ) बाटो नभएको विशुद्ध खेतीयोग्य जग्गाहरु प्रति कट्ठा रु १,०५,०००।००
ज) भिरपाखो सबै प्रकारका जग्गाहरु प्रति कट्ठा रु ५२,५००।००

**वडा नं.१२**

क) पिच पक्कि सडकले जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ९,४५,०००।००
ख) ग्राभेल सडकसँग जोडिएको कृषि प्रयोजन बाहेकका जग्गा दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ६,३०,०००।००
ग) कच्चि सडकसँग जोडिएको दायाँबायाँ १५० फिटसम्म प्रति कट्ठा रु ४,२०,०००।००
घ) बाटोले नछोएका आवासिय र व्यवसायिक जग्गाहरु प्रति कट्ठा रु १,५७,५००।००
ङ) पिच सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु २,१००००।००
च) कच्चि/ग्रेभेल सडकले छोएको कृषि क्षेत्र अन्तर्गतका जग्गाहरु प्रति कट्ठा रु १,५७,५००।००
छ) बाटो नभएको विशुद्ध खेतीयोग्य जग्गाहरु प्रति कट्ठा रु १,०५,०००।००

**(ग) संरचनाको मुल्यांकन :** संरचनाको मुल्यांकन देहाय बमोजिम पारित गरिएको छ।

**(आ.व.२०८३/०८४ को लागि पारित दर )**

| क्षेत्र | | संरचना प्रति वर्ग फिट रु. | | | | | | | | एक मुष्ठ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | | माटोको जोडाईमा इट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | सेड वा कच्ची घर | |
| | | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | १२०० | १०५० | १००० | ९०० | ८०० | ७५० | ६०० | ५५० | रु १००००० | रु.५०००० |
| ख | आवासीय क्षेत्र | १ ०५० | ८५० | ८५० | ७५० | ६०० | ५८० | ४७५ | ४५० | रु ५०००० | रु.३०००० |
| ग | कृषि क्षेत्र | ६०० | ५५० | ५२५ | ४७५ | ३६० | ३२० | २७० | २४० | रु ४०००० | रु.२०००० |
| घ | बन तथा वगर क्षेत्र। भिर पाखा | ४०० | ३५० | ३२५ | २७५ | १८० | १४० | १५० | १२० | रु३०००० | रु.१५००० |

ढुंगा वा इँटाको वउण्ड्री वाल पर्खाल प्रति रनिङफिट रु. २००।-

**घ) संरचनाको स्वीकृत ह्रास कट्टी दर (प्रतिशतमा) (आ.व.२०८३/०८४ को पारित दर )**

| संरचनाको किसिम → संरचनाको आयु ↓ | आर.सि. सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १ - ३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३- ६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६- ९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९- १२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२- १५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५- १८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८- २१ बर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |
| २१- २४ वर्ष | ४८ | ७२ | ९० | ९० | ९० |
| २४- २७ वर्ष | ५४ | ८१ | ९० | ९० | ९० |
| २७- ३० वर्ष | ६० | ९० | ९० | ९० | ९० |
| ३०- ३३ वर्ष | ६६ | ९० | ९० | ९० | ९० |
| ३३- ३६ वर्ष | ७२ | ९० | ९० | ९० | ९० |
| ३६- ४० वर्ष | ७८ | ९० | ९० | ९० | ९० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४०- ४३ वर्ष | ८४ | ९० | ९० | ९० | ९० |
| ४३- ४६ वर्ष | ९० | ९० | ९० | ९० | ९० |
| ४६ भन्दा माथि | ९० | ९० | ९० | ९० | ९० |

## अनुसुची २
## मालपोत( भुमीकर)

| सि नं | विवरण | | आ.व. २०८३।०८४ को लागि पारित दर प्रति कठ्ठा भुमिकर रु |
|---|---|---|---|
| | क्षेत्र | किसिम | |
| १ | व्यवसायिक क्षेत्र | अबल | ८० |
| | | दोयम | ७५ |
| | | सिम | ७० |
| | | चहार | ६५ |
| | | भिर/पाखो | ४० |
| २ | औद्योगिक क्षेत्र | अबल | ६० |
| | | दोयम | ५५ |
| | | सिम | ४५ |
| | | चहार | ४० |
| | | भिर/पाखो | ३५ |
| ३ | आवास क्षेत्र | अबल | ४० |
| | | दोयम | ३५ |
| | | सिम | ३० |
| | | चहार | २५ |
| | | भिर/पाखो | १० |
| ४ | कृषि क्षेत्र | अबल | ३० |
| | | दोयम | २७ |
| | | सिम | २५ |
| | | चहार | २३ |
| | | भिर/पाखो | ५ |

उपरोक्त दरमा वार्षिक १० प्रतिशत विलम्ब जरिवाना लाग्नेछ ।

## अनुसुची ३

### घर जग्गा वहालकर (आ.व.२०८३/२०८४ को लागि पारित )

कुनै ब्यक्ति वा संस्थाले भवन, घर,ग्यारेज, गोदाम, टहरा,छप्पर,कारखाना,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले भाडामा लगाएमा नगरपालिकाले त्यसरी वहाल लगाउने धनिबाट वहाल रकमको १० प्रतिशतले हुने रकम घर जग्गा वहालकर वापत संकलन गर्ने छ ।

## अनुसूची ४

### ब्यवसाय कर

वागमती नगरपालिकाले देहाय बमोजिम ब्यवसायमा देहाय बमोजिम कर संकलन गर्ने छ :

**१. पेट्रोलियम पदार्थ विक्री गर्ने :**

| सि.नं | ब्यवसायको किसिम | आ.व.२०८३।०८४ को वार्षिक रु. (पारित **दर**) |
|---|---|---|
| १. | पेट्रोल पम्प | २००००।०० |
| २. | ग्यास डिलर | ३०००।०० |

विलम्व जरिवाना प्रति वर्ष १० प्रतिशत लाग्नेछ ।

**२. निर्माण ब्यवसाय दर्ता/नविकरण :**

| सि.नं | ब्यवसायको किसिम | आ.व.२०८३।०८४ को वार्षिक रु. ( पारित **दर**) | विलम्व जरिवना |
|---|---|---|---|
| १. | क वर्ग | २०००० | प्रति वर्ष १० प्रतिशत |
| २. | ख वर्ग | १५००० | प्रति वर्ष १० प्रतिशत |
| ३. | ग वर्ग | १२००० | प्रति वर्ष १० प्रतिशत |
| ४ | घ वर्ग | १०००० | प्रति वर्ष १० प्रतिशत |

'घ' वर्ग निर्माण व्यवसायी नामसारी दस्तुर रु.२५००।००

**३. निजि विद्यालय दर्ता/नविकरण** :

| सि.नं | ब्यसायको किसिम | आ.व.२०८३।०८४ को वार्षिक रु. ( पारित **दर**) | विलम्क शुल्क |
|---|---|---|---|
| १. | पुर्व प्राथमिक विद्यालय | ५०००।०० | प्रति वर्ष १० प्रतिशत |
| २. | प्राथमिक विद्यालय | १२०००।०० | प्रति वर्ष १० प्रतिशत |
| ३. | आधारभुत विद्यालय | १६०००।०० | प्रति वर्ष १० प्रतिशत |
| ४. | माध्यमिक विद्यालय | २५०००।०० | प्रति वर्ष १० प्रतिशत |
| ५. | उच्च माध्यमिक विद्यालय | २७०००।०० | प्रति वर्ष १० प्रतिशत |
| ६. | क्याम्पस( जोड २ भन्दा माथि) | २५०००।०० | प्रति वर्ष १० प्रतिशत |

**४. निजि क्षेत्रका बैंक तथा वित्तिय संस्था** :

| सि.नं | ब्यवसायको किसिम | आ.व.२०८३।०८४ को वार्षिक रु. (पारित **दर**) |
|---|---|---|
| १. | क वर्ग | ३००००।०० |
| २. | ख वर्ग | २५०००।०० |

| | | |
|---|---|---|
| ३. | ग वर्ग | २००००।०० |
| ४. | घ वर्ग | १५०००।०० |
| ५. | वित्त कम्पनी | १००००।०० |
| ६. | धितोपत्र कारोवार | १००००।०० |
| ७. | मनिएक्स्जेन्ज तथा विदेशी मुद्रा सटही | ५०००।०० |
| ८. | लघु वित्त कम्पनीहरु वा शाखा कार्यलय वा सम्पर्क कार्यालयहरु समेत | १००००।०० |

विलम्व जरिवाना प्रति वर्ष १० प्रतिशत लाग्नेछ ।

**५. सहकारी संस्था :** सहकारी संस्था दर्ता । नविकरण वा इजाजतमा तपशिल बमोजिम ब्यवसाय कर लाग्ने छ ।

| सि.नं | ब्यवसायको किसिम | आ.व.२०८३।०८४ को वार्षिक रु. (पारित **दर**) |
|---|---|---|
| १. | वचत तथा ऋण सहकारी संस्था | १००००।०० |
| २. | दुग्ध उत्पादन सहकारी संस्था | ३०००।०० |
| ३. | कृषि सहकारी संस्था | २५००।०० |
| ४. | विद्युत सहकारी संस्था | ३०००।०० |
| ५. | बहु उद्देश्यिय सहकारी संस्था | १५०००।०० |
| ६. | सहकारी संघ/संस्थाको विनियम संशोधन | १०००।०० |
| ७. | सहकारी संघ/संस्थाको सम्पर्क कार्यालय/सेवा केन्द्र खोल्न सिफारिश | ५००।०० |
| ८. | सहकारी संघ/संस्थाको एकिकरण | २०००।०० |
| ९. | सहकारी संघ/संस्थाको दर्ता, खारेजी र विघटन | १०००।०० |

नोट : १.सामुहिक कृषि गर्ने उदेश्यले २० जना भन्दा बढी कृषकहरु सहभागी भई दर्ता भएका कृषि सहकारी संस्थालाई दर्ता तथा नविकरण दस्तुरमा ५० पतिशत छुट दिईने छ । एक समूहमा ५० प्रतिशत भन्दा बढी महिला सदस्य भएमा थप २० प्रतिशत छुट दिइने छ ।

२. विलम्व जरिवाना प्रति वर्ष १० प्रतिशत लाग्नेछ ।

**६. ब्यवसायिक परामर्श सेवा प्रदान गर्ने ब्यक्ति** :

| सि.नं | ब्यवसायको किसिम | आ.व.२०८३।०८४ को वार्षिक रु. (पारित **दर**) |
|---|---|---|
| १ | चिकित्सक | २५००।०० |
| २ | कविराज | १२००।०० |
| ३. | इन्जिनियर | १५००।०० |
| ४. | कानून ब्यवसायी | १५००।०० |
| ५. | दन्त चिकित्सक | १०००।०० |
| ६. | अनुसन्धान कर्ता तथा परामर्श दाता | ७००।०० |
| ८. | कम्पुटर एनालिष्ट तथा प्रोग्रामर | ७००।०० |
| ९. | विमा एजेन्ट | १०००।०० |
| १०. | सर्भेएर | ५००।०० |
| ११ | अनुवादक | ५००।०० |
| १२. | पशु चिकित्सक | १०००।०० |
| १३. | शेयर दलाल | ५०००।०० |

नोट : विलम्व जरिवाना प्रति वर्ष १० प्रतिशत लाग्नेछ ।

**७. विज्ञापन कर :** नगरपालिकाले देहाए बमोजिम विज्ञापन कर संकलन गर्ने छ ।

| सि.नं | ब्यसायको किसिम | आ.व.२०८३।०८४ को वार्षिक रु. (पारित **दर**) |
|---|---|---|
| १. | वाल पेन्टिंग प्रति वर्ग फिट (वार्षिक) व्यक्तिगत स्थान | ६।०० |
| २ | वाल पेन्टिंग प्रति वर्ग फिट (वार्षिक) सार्वजनिक स्थान | १०।०० |
| ३. | होर्डिंग बोर्ड सार्वजनिक स्थानमा प्रति वर्ग फिट (वार्षिक) | ८०।०० |
| ४ | होर्डिंग बोर्ड सार्वजनिक स्थानमा प्रति वर्ग फिट (वार्षिक) व्यक्तिगत स्थान | ८०।०० |
| ५ | होर्डिंग बोर्ड सार्वजनिक स्थानमा प्रति वर्ग फिट ( वार्षिक)सार्वजनिक स्थान | ८०।०० |
| ६. | ग्लो साइन विद्युतिय बोर्ड प्रति वर्ग फिट (वार्षिक) | ९०।०० |
| ७. | ब्यानर गेट प्रति हप्ता | ५००।०० |

- जनहितमा जारी गरिएका सुचना होर्डिंग बोर्ड लगायतहरु नगरपालिकाको पूर्व स्वीकृति लिइ निशु:ल्क प्रचार प्रसार गर्न पाइने छ ।
- नगरपालिका क्षेत्र भित्रका सडकहरुको एक किनारबाट अर्को किनार सम्म हुने गरि कुनै पनि प्रकारका ब्यानर द्वार बनाउन पाउने छैन ।

**८. अन्य ब्यवसाय, उद्योग तथा सेवा क्षेत्र :** तपशिल बमोजिम वार्षिक कर लगाइने छ ।

**आ.व. २०८३/८४ को पारित दर**

| सि.नं | ब्यवसायको किसिम (पुंजिको आधारमा) | दर्ताको हकमा ब्यवसाय संग सम्बन्धित चालु पुंजि स्वघोषणाको आधार | नविकरणको हकमा ब्यवसायको आर्थिक कारोवार को आधार | कृषि तथा पशु फर्म | |
|---|---|---|---|---|---|
| | | | | दर्ता | नविकरण वर्षिक कर |
| १. | रु १ लाख देखि ३ लाख सम्म पुँजि भएका | ५०० | ४०० | ३०० | २०० |
| २. | रु. ५ लाख सम्म पुंजिभएको | १५०० | १००० | ३०० | २०० |
| ३. | रु. ५ लाख भन्दा बढी रु.२० लाख पुंजि भएको | २५०० | २००० | ६०० | ४५० |
| ४. | रु. २० लाख भन्दा बढी रु.५० लाख सम्म पुंजि भएको | ५००० | ३५०० | ७०० | ४५० |
| ५. | रु. ५० लाख भन्दा बढी रु.१ करोड सम्म पुंजि भएको | १५००० | १०००० | ८०० | ५०० |
| ६. | रु १ करोड भन्दा माथि पुंजि रु.५ करोड सम्म पुंजी भएको | २२००० | १५००० | २५०० | २००० |
| ७. | रु.५ करोड भन्दा माथि पुंजी भएको | ३०००० | २५००० | ११००० | ९००० |
| **८.** | मदिराजन्यको हकमा ५० प्रतिशतले कर थप हुने | | | | |
| **९.** | **महिलाको नाममा ब्यवसाय दर्ता गरेमा दर्ता शुल्कमा ५० प्रतिशत छुट हुने (दर्ताको हकमा मात्र)** | | | | |

नोट : विलम्व जरिवाना प्रति वर्ष १० प्रतिशत लाग्नेछ ।

## अनुसुची ५
## सवारी कर

बागमती नगरपालिकाले देहायका सवारी साधनको दर्ता वा नविकरणमा देहाय बमोजिम वार्षिक सवारी कर संकलन गर्ने छ :

| सि.नं. | सवारी साधनको नाम | आ.व.२०८३।०८४ को वार्षिक रु. (पारित **दर**) |
|---|---|---|
| ३. | ठेला/रिक्सा | १००।०० |

| | | |
|---|---|---|
| ४. | इ रिक्सा | १०००।०० |

## अनुसुची ६
## वहाल विटौरी शुल्क

क) वागमती नगरपालिकाले देहाय बमोजिम सार्वजनिक जग्गाको बहाल विटौरी शुल्क संकलन गर्ने छ :

| सि.नं | प्रकार | आ.व.२०८३।०८४ को वार्षिक रु. ( पारित **दर**) |
|---|---|---|
| १) | सोल्टी वजार | २००।०० |
| २) | ऐश्वर्या नगर बजार | ७५।०० |
| ३) | सेउली वजार र जिरायत | ५०।०० |

## अनुसुची ७
## पार्किंङ्ग शुल्क

वागमति माछापोखरी बाहेकको स्थानमा वागमती नगरपालिकाले वनाएको वा व्यवस्था गरेको पार्किङ्ग स्थलमा पार्किङ्ग गरे वापत देहाय बमोजिमको सवारी साधनमा देहाय बमोजिम पार्किंङ्ग शुल्क लाग्ने छ।

| सि.नं. | सवारी साधनको नाम | आ.व.२०८३।०८४ को वार्षिक रु. ( पारित **दर**) |
|---|---|---|
| १. | बस,ट्रली, लरी, हेभी गाडीमा | ३५/- |
| २. | कार जिप | २५/- |
| ३. | टेम्पो | २०/- |
| ४. | मिनिवस | ३०/- |
| ६. | मोटरसाईकल, स्कुटर | १०।- |
| ७. | ट्रयाक्टर | १५/- |
| ८. | पावर टिलर | १०/- |

## अनुसुची ८
## सेवा शुल्क वा दस्तुर

वागमती नगरपालिकाले देहाय बमोजिम सेवाशुल्क संकलन गर्ने छ :

**१) हाटवजार सेवा शुल्क** : नगरपालिकाले व्यवस्था गरेको हाट वजारमा अस्थायी र पटके रुपमा लाग्ने देहायको पसलमा देहाय बमोजिम सेवा शुल्क लाग्ने छ :

| **सि.नं.** | **मालसामानको विवरण** | आ.व.२०८३।०८४ को वार्षिक रु. (पारित **दर**) |
|---|---|---|
| १. | घोडा १ को | ९०।०० |
| २. | गोरु १ को | ९०।०० |
| ३. | राँगा, भैंसी गोटा १ को | ९०।०० |
| ४. | खसी वोका गोटा १ को | ५०।०० |
| ५. | कुखुरा १ किलोभन्दा माथिको | २०।०० |
| ६. | कुखुरा १ किलोभन्दा मुनिको | ५।०० |
| ७. | राँगाकाटी वेच्ने सँग प्रति गोटा १ को | ५००।०० |
| ८. | खसी काटी वेच्ने सँग प्रति गोटा | १५०।०० |
| ९. | सुगुर वंगुर प्रति गोटा | ३००।०० |
| १०. | हाँस, कुखुराको मासु विक्री पसल | १००।०० |

| | | |
|---|---|---|
| ११. | राँगा भैसीको छाला १ को | ५०।०० |
| १२. | आलो माछा प्रति पसल | १००।०० |
| १३. | माछा मासू पकाएर बेच्ने पसल | १००।०० |
| १४. | आलु,प्याज र अदुवा टोकरी पसल | २०।०० |
| १५. | फलफुल टोकरी पसल | १०।०० |
| १६. | तरकारी पसल | ३०।०० |
| १७. | तरकारी टोकरी पसल | १०।०० |
| १८. | काक्रो, मेवा, पिडालु, सखरखण्डा दोकान १ को | १०।०० |
| १९. | खुर्सानी , अदुवा, लसुन, वेसार गुन्द्रुक दोकान १ को | १०।०० |
| २०. | काउली कटहर रुखकटहर टोकरी १ को | १०।०० |
| २१. | वोडी, मास, मस्याङ्ग, भटमास, बदाम र केराउ प्रति पसल १ को | १५।०० |
| २२. | आँप,नास्पाति, जुनार, सुन्तला र आँटी टोकरी १को | १५।०० |
| २३. | स्कुस,फर्सि, लौका साग र तोरिङ्गा टोकरी १ को | १०।०० |
| २४. | उखु, निवुवा, भोगटे, कागती टोकरी १ को | १०।०० |
| २५. | मकैं,गहूँ कोदो, चिउरा , चामल फापर र तोरी प्रति पसल १ को | ३०।०० |
| २६. | घीउ प्रति किलो | ५।०० |
| २७. | हजाम पसल १ को | ३०।०० |
| २८. | छाता जुत्ता लाईटर मर्मत दोकान १ को | ३०।०० |
| २९. | फलाम र फलामवाट वनेका कृषि र घरेलु सामान पसल, आरण , साध लगाउने दोकान १ को | ३०।०० |
| ३०. | औषधि वा जडीवुट्टि दोकान १ को | २०।०० |
| ३१. | वाँसको डालो, नाङ्लो, चाल्नो, मान्द्रो डोको तथा वाँसवाट वनेको सामान पसल १ को | २०।०० |
| ३२. | पाटको दाम्लो, नाम्लो, बरियो लगायत पाट वाट वनेको सामान पसल १को | १५।०० |
| ३३. | चिराइतो र सिन्कौंली तथा कुरिलो टोकरी १ को | ४०।०० |
| ३४. | वजारमा रोटी पकाई वेच्ने दोकान १ को | २०।०० |
| ३५. | वजारमा मिठाई पकाई विक्रीगर्ने दोकान १ को | ३०।०० |
| ३६. | राडीपाखी गलैंचा दोकान १ को | १००।०० |
| ३७. | वजारमा मनोरञ्जन देखाउने दोकान १ को | २००।०० |
| ३८. | लता कपडा पसल १ को | ६०।०० |
| ३९. | सुर्ति विडी दोकान १ को | ३०।०० |
| ४०. | मिठा सखर दोकान १ को | ३०।०० |
| ४१. | किराना पसल १ को | ३०।०० |
| ४२. | भाडाकुडा पसल १ को | ७०।०० |
| ४३. | औंठी लगायत धातुका गहना पसल १ को | ३०।०० |
| ४४. | चुरा तथा मनिहरा पसल १ को | ३०।०० |
| ४५. | जुत्ताचप्पल पसल १ को | ३०।०० |
| ४६. | वरफ र चटपट्टे पसल १को | ३०।०० |
| ४७. | माथि उल्लेख नभएको अन्य किसिमका पसल १ को | ३०।०० |
| ४८. | सटरमा पसल राख्ने पसल १ को | १५०।०० |

**२) सडक पुर्वाधार उपयोग सेवा शुल्क** : नगरपालिकाले निर्माण गरेको, नगरपालिकाले मर्मत सम्भार गर्नु पर्ने तथा नगरपालिकामा हस्तान्तरण भइ आएका तथा नगरपालिकाले तोकेको सडक उपयोग गरे वापत भारी सवारी साधनको हकमा तपशिल बमोजिम सडक पुर्वाधार उपोग सेवा शुल्क लाग्नेछ । यस शुल्कको थप ब्याख्या नगरकार्यपालिकाले गर्ने छ र रुट तोक्ने छ ।

**क) दहत्तर वहत्तर (ढुंगा, गिटी वालुवा,इटा बोकी हिडने भारी सवारी साधन), सिमेन्ट,डण्डी,तथा निर्माण सामाग्री ढुवानी गर्ने सवारी साधन**

| सि.नं | सावरी साधनको प्रकार | आ.व.२०८३।०८४ को (पारित **दर**) सेवा शुल्क कर प्रति पटक दर रकम रु. |
|---|---|---|
| १. | ट्याक्टर प्रति पटक ( ढुंगा, गिटी, वालुवा बोकी हिड्ने) | ४००।०० |
| २. | ट्रक छ चक्के प्रति पटक | १०००।०० |
| ३. | ट्रक १० चक्के प्रतिपटक | १५००।०० |

**नगरपालिकाले निषेध गरेको सडकमा हेभी सवारी साधन चलाउन पाइने छैन ।**

